बैठक संख्या : ६२

आज मिति २०८२/१२/१० गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री मुक्ति पौडेल | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १. | डिल्ली प्रसाद शर्मा | ने.का. |
| | २. | मनोज कार्की | प्रशासन अधिकृत |
| | | | |

वि.सं. : २०८२ चैत्र १० गते मंगलबार

मुक्ति पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु :-

१. **समिक्षा सम्बन्धमा ।**

काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो । समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो ।

२. **गाउँपालिकाको लागि निशुल्क जग्गा सम्बन्धमा ।**

काठेखोला गाउँपालिका वडा नं. ६ निवासी वृहस्पति शर्माले देहायको जग्गा स्वेच्छाले निशुल्क रुपमा काठेखोला गाउँपालिकाको नाममा हक हस्तान्तरण (पास) गरिदिन चाहनु भएकोले वृहस्पति शर्माको नाममा रहेको कित्ता नं. ७७८, ७७९, १०६८, १०६९ र १५८४ बाट प्राप्त हुने जम्मा क्षत्रफल ६-०-०-३ भएको जग्गा गाउँपालिकाले ग्रहण गर्ने र सो कार्यका लागि गाउँपालिकाको नाममा जग्गा पास गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**जग्गादाताको नाम/ठेगाना** : वृहस्पति शर्मा / काठेखोला ६ बागलुङ

**जग्गाको विवरण** :

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल | जग्गा भएको ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ७७८ | १-७-३-२ | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| २. | ७७९ | ०-१५-१-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ३. | १०६८ | ०-४-०-१ | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ४. | १०६९ | २-१०-०-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ५. | १५८४ | ०-११-०-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| जम्मा | | ६-०-०-३ | | |

३. काठेखोला गाउँपालिका वडा नं. ५ अन्तर्गत बिहुँकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रको नाममा निशुल्क जग्गा ब्यबस्थापन भईसकेको हुँदा बिहुँकोट आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन भवन निर्माणका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार, काठमाडौंमा माग गरी पठाउने निर्णय गरियो ।

४. यस काठेखोला गाउँपालिका अन्तर्गत पर्ने तपसिल बमोजिमका झोलुङ्गे पुलहरु गाउँपालिकाको बजेटबाट सम्बोधन गर्न सम्भव नभएकोले स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन ब्रिज डिभिजन श्रीमहल, पुल्चोक, ललितपुरमा झोलुङ्गे पुल निर्माणका लागि माग गरी पठाउने निर्णय गरियो ।

तपसिल :-

१. दामगाडे खर्दाङ झो.पु. - काठेखोला ७ रेश

२. तंग्राम धम्जा जोड्ने झो.पु. (करीब ३८५ मिटर) - काठेखोला ४ तंग्राम

मुक्ति पौडेल
प्रमुख प्रशासकीय अधिकृत